# महालक्ष्मी विकास बैंक लि. का आदरणीय शेयरधनी महानुभावहरूको जानकारीका लागि अत्यन्त जरूरी सूचना

यस महालक्ष्मी विकास बैंक लि.को २० औं वार्षिक साधारण सभा यही मिति २०७८/०९/२५ गते आइतबारका दिन विहान ११:०० बजे आर्मी अफिसर्स क्लव, भद्रकालीमा हुने र उक्त वार्षिक साधारणसभामा विकास बैंकको नियमावली बमोजिम संस्थापक समूह (क) बाट ३ जना र सर्वसाधारण समूह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन हुने सम्वन्धमा मिति २०७८/०९/०४ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७८/०९/०९ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराई सकिएकोमा यस बैंकका शेयरधनी महानुभावहरु श्री गिरिराज पोखरेल तथा श्री प्रमोद श्रेष्ठले मिति २०७८/०९/२२ मा महालक्ष्मी विकास बैंक लि. समेतका विरुद्ध श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषण (०७८-WO-०६४६) को रिट निवेदनमा उक्त अदालतबाट विपक्षीहरुका नाममा १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेश सहित "यसमा निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विपक्षी समेतको कुरा सुनी निर्णय लिन न्यायोचित हुने देखिदा मिति २०७८/१०/०३ मा छलफल पेशी तोकि सो अवधिसम्म निवेदक प्रमोद श्रेष्ठको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६(१) (क) बमोजिमको योग्यता भएको महालक्ष्मी विकास बैंकको मिति २०७८/०९/२० को पत्रबाट देखिएकोले सो अवधिसम्म निर्वाचन कार्यक्रमको बाँकी काम कारवाही नगर्नु भनी मिति २०७८/१०/०३ सम्मको लागि विपक्षीहरुको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालिन अन्तरिम आदेश गरिएको छ" भनी सो आदेश सहितको म्याद बैंकलाई मिति २०७८/०९/२३ गते प्राप्त हुन आएकोले यस बैंकको मिति २०७८/०९/२३ गते साँझ ५:०० बजे बसेको सञ्चालक समितिको आकस्मिक बैठकबाट सम्मानीत अदालतको आदेशानुसार मिति २०७८/०९/२५ गतेको बीसौं साधारण सभाका लागि प्रस्ताव गरिएको सञ्चालक पदको निर्वाचन सम्बन्धी बाँकी कार्यक्रम अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगित गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै वार्षिक साधारण सभा सम्वन्धी अन्य कार्यक्रमहरु यथावत सञ्चालन हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गर्दछौं।

---


**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं.: ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८

Find us on facebook /mahalaxmibikasbank/

www.mahalaxmibank.com


सबल बैंक, सफल सहकार्य